का.जि.प्र.का.द.नं. १००/०५२/६०
१२ भदौ २०८३
शुक्रबार
28 August 2026
Friday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २१८। पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com

राष्ट्रिय संकटमा हातेमालो

विपद्मा परेका नागरिकको उद्धार, राहत र अल्पकालीन पुनर्स्थापनामा प्रधानमन्त्री आफैं सक्रिय भएका छन्। बाढीले सिर्जित राष्ट्रिय संकटबाट मुलुकलाई पार गराउन सरकार, राजनीतिक दल, निजी क्षेत्र र आमनागरिक एक ठाउँमा उभिएका छन्।

■ जीवन शर्मा/मध्यान्ह

कभर स्टोरी

विपत्तिमा राहत संकलन र वितरणलाई व्यवस्थित बनाउन सरकारले एकद्वार प्रणाली लागू गरेको छ। संकलित राहत सामग्री सरकारमातहतकै निकायमार्फत पीडित नागरिकलाई पुऱ्याउने व्यवस्था गरेको छ।

■ आनन्द काफ्ले
गृहप्रवक्ता

रसुवाको भोटेकोशीमा बुधबार आएको बाढीले ठुलो धनजनको क्षति पुऱ्याएको छ। प्राकृतिक प्रकोपका कारण सिर्जित मानवीय संकटबाट मुलुक र नागरिकलाई मल्मह लगाउन बाढीको दोस्रो दिन बिहीबार सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले सर्वदलीय बैठक बोलाए। उनीहरूले १० बुँदे साझा सहमति गरेका छन्।

विपद्मा परेका नागरिकको उद्धार, राहत र अल्पकालीन पुनर्स्थापनामा प्रधानमन्त्री आफैं सक्रिय भएका छन्। बाढीले सिर्जित राष्ट्रिय संकटबाट मुलुकलाई पार गराउनका लागि राहत तथा उद्धारमा सरकारको सक्रियतालाई आम रूपमा »» पृष्ठ २ मा

२७ तीर्थयात्री हराएपछि शोकमा नीलकण्ठ

३२ देशका ६६७ पर्यटक सम्पर्कविहीन

भावना पाठक/मध्यान्ह
काठमाडौं, ११ भदौ

धादिङको नीलकण्ठ नगरपालिका यतिबेला शोकमा डुबेको छ। रसुवाको गोसाइँकुण्ड तीर्थयात्रामा निस्किएका एकै क्षेत्रका २७ जनालाई बाढीले बेपत्ता पारेपछि गाउँ नै शोकमा डुबेको हो।

बेपत्ता भएका धेरैजसो श्रीमान्-श्रीमती र आफन्त छन्। धादिङबेंसीबाट तीर्थयात्री बोकेर रसुवातर्फ गएको »» पृष्ठ २ मा

स्थानीय उपेन्द्र लम्साल भन्छन्, 'हामी बाढीमा फस्यौं, कतै जान सक्ने ठाउँ भएन भन्दै हुनुहुन्थ्यो रे, एकैछिनमा लौन-लौन भन्ने आवाज आयो रे, त्यसपछि अहिले उहाँहरूसँग सम्पर्क हुन सकेको छैन।'

नेपालको नियति वर्षैंपिच्छे विपत्ति

पछिल्लो दशकलाई मात्रै नियाल्दा पनि नेपाल एउटा विपत्तिबाट उठ्न नपाउँदै अर्को विपत्तिको सामना गर्न विवश छ।

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, ११ भदौ

शुक्रबार सर्वदलीय बैठकमा सबैजसो नेताहरूले २०७२ सालको विनाशकारी भूकम्प सम्झिए। पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले 'कोशी बाढी, सिन्धुपाल्चोकको जुरे पहिरो, २०७२ सालको भूकम्प र जाजरकोट भूकम्पलगायत विपत्तिमा नेपाली समाज र राजनीतिक शक्तिहरूले संकटका बेला एकताबद्ध भएर सामना गरेको स्मरण गरे।

बिहीबार प्रतिनिधिसभाको बैठकमा रसुवाको विनाशकारी बाढीबारे धारणा राख्ने क्रममा पनि सांसदहरूले विगतको विपद्को अनुभव सम्झिए। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)की प्रमुख सचेतक खुश्बु ओलीले भनिन्, 'एउटा तितो अनुभव राख्न चाहन्छु।

जाजरकोटमा भूकम्प जाँदा नेताहरूको एउटा प्रतिस्पर्धा नै थियो, हेलिकप्टरमा को पहिला पुग्ने भनेर। तर, आजसम्म त्यहाँका जनताले राहत पाएका छैन। त्यस्तो त्रासदी र त्यस्तो अवस्था अहिलेका बाढी प्रभावितले भोग्नु नपरोस्।'

नेता र सांसदहरूले भनेजस्तै पछिल्लो दशकलाई मात्रै नियाल्दा पनि नेपाल एउटा विपत्तिबाट उठ्न नपाउँदै अर्को विपत्तिको सामना गर्न विवश छ।

२०७१ साउन १७ गते सिन्धुपाल्चोक जिल्लाको जुरेमा गएको विनाशकारी पहिरोले १४५ जनाको ज्यान लग्यो। त्यस क्षेत्रबाट सयौं परिवार विस्थापित भए।

जुरे पीडितले क्षतिको पुनःस्थापनाको नाम हुँदै थियो। उक्त प्राकृतिक विपत्तिको घाउ पुरिन नपाउँदै २०७२ वैशाख १२ गते विनाशकारी भूकम्प गयो। ७.८ म्याग्निच्युडको उक्त भूकम्प र त्यसपछिका परकम्पले झन्डै ९ हजार मानिसको ज्यान लियो। २२ हजारभन्दा बढी घाइते भए। उक्त भूकम्पबाट करिब ८० लाख नेपाली प्रभावित भएको सरकारी तथ्यांक छ। उक्त भूकम्पबाट भएको भौतिक तथा आर्थिक क्षतिको मूल्यांकन »» पृष्ठ २ मा

प्रमुख राजनीतिक दलको निष्कर्षअनुसार हिमताल विस्फोट र अस्वाभाविक बाढीको शृंखला विश्वव्यापी जलवायु परिवर्तनको प्रत्यक्ष असर हो, जसमा नेपालको योगदान नगण्य छ।

माइकिङ गरेर अरूलाई जोगाए, आफैं जोगिएनन्

सपना बोहरा/मध्यान्ह
काठमाडौं, ११ भदौ

भोटेकोशीमा बुधबार बिहान एक्कासि बाढी आयो। सूचना पाएलगत्तै स्थानीय सरकार र प्रहरीले यथाशक्य माइकिङ गरेर सर्वसाधारणलाई घरबाट निस्केर नदीदेखि टाढा बस्न सूचना दिए। तीमध्येका एक थिए, बेत्रावती गाउँपालिकाका आइटी इन्जिनियर

जनक आचार्य

जनक आचार्य। उनले मोटरसाइकल चलाएर गाउँपालिकाका अर्का कर्मचारीले पछाडि बसेर माइकिङ गरिरहेका थिए। सिंगो बस्तीलाई घर छाडेर सुरक्षित ठाउँमा जान सन्देश दिइरहेका उनी नै अन्तिममा बाढीमा परे। बाढीले पछाडि बसेका कर्मचारीलाई पाखोमा हुत्याए पनि आचार्यलाई भने डुबायो। उनको शव केही पर भेटियो। 'माइकिङ गरेर सयौंलाई सुरक्षित ठाउँमा सारे। तर, आफै बाँच्न सकेनन्' उनका परिवारका एक सदस्यले भने।

आचार्यजस्तै हतारहतारमै भए पनि स्थानीय सरकार र प्रहरीले गरेको माइकिङले नदी तटीय क्षेत्रका सयौंको ज्यान जोगियो। तर, माइकिङ गर्नेमध्ये केहीको ज्यान गएको छ। बेत्रावतीकै प्रहरी सहायक हवल्दार सन्तोष रिजाल बाढी आउँदै छ भनेर माइकिङ गर्दागर्दै बाढी नजिक आइपुग्यो। 'बाढी आउँदै छ भनेर हामी माइकिङ गर्न निस्केका थियौं,' उनले भने, 'असईसाब रामकाजी पौडेलको कमान्डमा हामी माइकिङ गर्न खटिएका थियौं।'

असई पौडेल उनको बाइकपछाडि बसेर माइकिङ गर्दै थिए। बाढी नजिक आएपछि रिजाल बाइक त्यहीं छाडेर भाग्न सफल भए। तर, उनीसँगै माइकिङ गर्न गएका पौडेल बाढीमै हेलिए। उनी भन्छन्, »» पृष्ठ २ मा

त्यो १५ मिनेट, जसले बचायो १६ सय विद्यार्थी

म त्रिभवन त्रिशूली माविको प्रधानाध्यापक हुँ। बुधबार बिहान अरू दिनझैं प्रार्थना सकेर भर्खर कक्षा सुरु भएको थियो। रसुवातिरबाट एक्कासि ठुलो बाढी आएको खबर आयो। बस्तीहरू बगाउँदै बाढी उर्लिएको सुनेपछि मैले तत्कालै सबैलाई सूचित गरें। हाम्रो विद्यालयमा १ हजार ६४३ विद्यार्थी छन्। विद्यार्थी र शिक्षक सबैलाई बाहिर निकालेर सुरक्षित ठाउँमा जान लगाए। विद्यालयबाट म अन्तिममा निस्केको जस्तो लाग्थ्यो। कार्यालय सहायक विद्यालयमै छुटेछन्। »» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

मलेसिया सिन्डिकेटविरुद्ध अन्तर्राष्ट्रिय चासो

४ देशका म्यानपावर संगठनको एउटै आवाज

मध्यान्ह संवाददाता
काठमाडौं, ११ भदौ

मलेसियामा श्रमिक पठाउने नेपालसहित दक्षिण एसियाका चार देशका म्यानपावर कम्पनीका छाता संस्थाहरूले व्यक्त गरेको सिन्डिकेटविरुद्धको चिन्ताप्रति अन्तर्राष्ट्रिय समुदायले गम्भीर चासो देखाएको छ।

नेपालसहित बंगलादेश, म्यानमार र पाकिस्तानका वैदेशिक रोजगार एजेन्सी तथा संघहरूले मलेसियामा विदेशी कामदारहरूको भर्ना व्यवस्थापन गर्ने फरेन वर्कर सेन्ट्रल म्यानेजमेन्ट सिस्टम (एफडब्लुसिएमएस)मा एकाधिकार र सिन्डिकेट सिर्जना गर्ने व्यवस्थाहरू गम्भीर रूपमा चिन्ताजनक भएको भन्दै संयुक्त विज्ञप्तिमार्फत चिन्ता व्यक्त गरेका थिए। विज्ञप्तिमा हस्ताक्षर नगरे पनि श्रीलंकाका म्यानपावर एजेन्सीहरूले अन्य चार मुलुकका व्यवसायीको धारणामा ऐक्यबद्धता जनाएका छन्।

एफडब्लुसिएमएसको कार्यप्रणालीको आलोचना गरिएको विज्ञप्तिमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार', बंगलादेश अन्तर्राष्ट्रिय भर्ना एजेन्सीहरू (बैरा)का वरिष्ठ उपाध्यक्ष होलाम रियज उल इस्लाम, म्यानमार ओभर्सिज इम्प्लोइमेन्ट एजेन्सीका अध्यक्ष म्यो थान्ट र पाकिस्तान वैदेशिक रोजगार प्रवर्धक संघका अध्यक्ष सैय्यद रहमत अली शाहले संयुक्त रूपमा हस्ताक्षर गरेका छन्।

संघ कार्यसमिति अध्यक्ष खत्रीको पहलमा भर्चुअल मिटिङपछि बिहीबार संयुक्त वक्तव्य जारी गरिएको हो। अध्यक्ष खत्रीले उक्त विज्ञप्तिमा उल्लेखित विषयमा नेपालीसहित मलेसियाका सञ्चारमाध्यम र अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) तथा अन्तर्राष्ट्रिय आप्रवासी संगठन (आइओएम) लगायत राष्ट्रसंघीय एजेन्सीहरूबाट चासो व्यक्त भएको बताए।

वक्तव्यमा मलेसियामा श्रमिक पठाउने चार देशका व्यवसायी संस्थाले सीमित संख्यामा निजी संस्था वा म्यानपावर कम्पनीहरूलाई विशेष वा प्राथमिकता दिएर पहुँच प्रदान गर्ने कुनै पनि व्यवस्थाले अन्य समान कानुनी हैसियतमा रहेका इजाजतपत्र प्राप्त एजेन्सीहरूलाई प्रतिबन्धित वा बहिष्कार गर्ने र त्यसले निष्पक्ष प्रतिस्पर्धा, पारदर्शिता, समान अवसर तथा आप्रवासी कामदारहरूको अधिकार र हितका बारेमा गम्भीर चिन्ता उठाएको उल्लेख गरेका छन्।

चारवटै संस्थाले वैदेशिक रोजगार श्रमिकको आफ्नो मुलुक, »» पृष्ठ २ मा

बाढीपीडितका लागि व्यवसायीको मल्हम

काठमाडौं/मस- रसुवाको भोटेकोशीमा आएको भयानक बाढीबाट पीडितहरूको सहयोगका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र अन्य संघसंस्थाले मुट्ठी फुकाएर सहायता जुटाउन सक्रियता देखाएका छन्।

संघका महासचिव हिराबहादुर डाँगी (हरि)ले व्यवसायीहरूले अकल्पनीय पीडामा परेका तथा मृतकका आश्रित परिवारलाई सहयोग पुगोस् भनेर उल्लेख्य मात्रामा रकम जम्मा गरिरहेको बताए।

संघसहित नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चलगायतका संघसंस्थाले अप्रत्याशित रूपमा आएको बाढीले अपूरणीय क्षति पुऱ्याएको भन्दै बाढी प्रभावितको उद्धार र पुनर्निर्माणका लागि सहायता जुटाउन केन्द्रित भएको बताएका छन्।

संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले श्रम गन्तव्य मुलुकका रोजगारदाताहरूलाई सम्बोधन गर्दै सहयोगका लागि अपिल गरेका छन्।

संघका द्वितीय उपाध्यक्ष अनिल बोगेटीले ५० हजार, महासचिव डाँगीले ५० हजार र पूर्वप्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठले १ लाख रुपैयाँ आर्थिक सहयोग गरेका छन्।

स्वास्थ्य संस्था सञ्चालक संघ नेपालले रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको बाढीबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै प्रभावित »» पृष्ठ २ मा

राष्ट्रिय...

सकारात्मक लिइएको छ । बिहीबार बिहानैदेखि नेपाली सेनाको हेलिकोप्टरमार्फत अप्ठ्यारोमा फसेका नागरिकको उद्धार भइरहेको छ । त्यस्तै, बाढीले पुरिएर शव तथा बेपत्ता भएकाहरूको खोजीकार्यका लागि तीनै तहका सरकार, राजनीतिक दल, छिमेकि जिल्लाका नागरिक स्वस्फूर्त लागेका छन् । सरकारसहित राष्ट्रिय राजनीतिक दलहरूले समेत शोकमा डुबेको मुलुकलाई शक्तिमा बदल्न आ-आफ्नो क्षेत्रबाट प्रयत्न गर्ने प्रतिबद्धतासहित काम गरिरहेका छन् । अन्तर्राष्ट्रिय सहयोगसमेत जुट्ने क्रम जारी छ ।

प्रधानमन्त्री बालेनले राज्यका सबै संयन्त्र पूर्ण क्षमतामा परिचालित गरेको दाबी गरेका छन् । अवस्था अझै चुनौतीपूर्ण रहेको भन्दै सरकारको पहिलो प्राथमिकता एक-एक नागरिकको जीवनरक्षा, बेपत्ताको खोजी तथा उद्धार, घाइतेको उपचार र प्रभावित परिवारलाई तत्काल राहत पुर्‍याउनु रहेको बताए । सरकारले अहिले १३ हजार २९५ सुरक्षाकर्मी परिचालन गरेको छ । हवाई तथा स्थलमार्गबाट उद्धार कार्य निरन्तर भइरहेको प्रधानमन्त्री शाहले बताए । उनका अनुसार ६९ वटा हवाई उडान सञ्चालन गरी ५७३ जनाको उद्धार गरिएको छ । रसुवा, नुवाकोट र धादिङलगायत प्रभावित क्षेत्रमा फसेका नागरिक तथा सुरक्षाकर्मीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्य जारी छ । करिब ३ हजार ५०० जनालाई विद्यालय तथा सार्वजनिक/सामुदायिक भवनमा अस्थायी आवासको व्यवस्था समेत गरिएको छ । त्यस्तै, प्रभावित नागरिकको तत्काल राहतका लागि रसुवामा १ करोड, नुवाकोटमा १ करोड र धादिङमा ५० लाख रुपैयाँ परिचालन गरिएको सरकारले जानएको छ । चाउचाउ, बिस्कुट, स्लिपिङ ब्याग, म्याट्रेस, ब्ल्यांकेटलगायत १० ट्रक राहत सामग्री पठाइएको प्रधानमन्त्रीले तथ्यांक सार्वजनिक गरेका छन् ।

रसुवा बाढीपछि देशमा उत्पन्न असहज परिस्थितिप्रति रास्वपाका सभापति रवि लामिछानेको आह्वानमा बसेको बैठकले राहत कार्यमा राजनीतिकरण नगर्ने, आर्थिक सहयोग संकलनमा सरकारी एकद्वार प्रणालीको पालना गर्ने प्रतिबद्धता जनाएका छन् । त्यस्तै, सामाजिक सञ्जालको विवेकसम्मत प्रयोग, हिमतालहरूको वैज्ञानिक अध्ययन र नक्सांकन गर्न माग, विपद् कूटनीतिक विस्तार, बाढीमा परेकाहरूको उद्धार, राहत र व्यवस्थापनमा गर्नुपर्ने, पुनर्निर्माण राष्ट्रिय अभियान सुरु गर्नुपर्ने, अन्तर्राष्ट्रिय संस्थालाई सहयोग अपिल गर्नेजस्ता निर्णय गरिएको नेपाली कांग्रेसका सभापति गगन थापाले बताए । बैठकमा कांग्रेसका सभापति गगन थापा, नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड', एमाले महासचिव शंकर पोखरेल, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, श्रमसंस्कृति पार्टीका ध्रुव राई, जसपा नेपालका उपेन्द्र यादवलगायतले साझा प्रतिबद्धतामा हस्ताक्षर गरेका छन् ।

सरकारले बुधबारबाटै आफ्ना सबै संयन्त्रलाई परिचालन गरेर खोज तथा उद्धार र राहतका कार्यक्रमलाई प्रभावकारी बनाउन लगाएको थियो । बिहीबार प्रधानमन्त्री शाह अत्यधिक प्रभावित नुवाकोटको विदुर तथा आसपासका क्षेत्रको स्थलगत निरीक्षण गरे । थप नीतिगत योजनामा केन्द्रित उनी सडकमार्ग हुँदै पूर्वाधार विकासमन्त्री सुनिल लम्सालसहित नुवाकोट पुगेका हुन् । प्रभावित बस्तीहरूको भौतिक अवस्था र क्षतिको अवलोकनपश्चात् काठमाडौं फर्किएका प्रधानमन्त्री शाह मानवीय खोज, उद्धार र राहत प्याकेजलाई थप प्रभावकारी बनाउन लागेका छन् ।

प्रधानमन्त्री शाहकले सरकारका मुख्य सचिवसहित विषयगत मन्त्रालयका सचिवहरूलाई प्रभावित क्षेत्रमा उद्धार कार्यलाई द्रुत बनाउन, घाइतेहरूको निःशुल्क एवं प्रभावकारी उपचारको व्यवस्था मिलाउन र विस्थापित परिवारलाई तत्काल राहत सामग्री पुर्‍याउन निर्देशन दिएअनुसार सरकारी संयन्त्रको प्रधावकारितासमेत बढेको देखिन्छ । विशेषगरी विस्थापितका लागि निर्माण गरिएका राहत क्याम्पहरू पूर्ण रूपमा व्यवस्थित, सफा हुनुपर्नेमा प्रधानमन्त्रीको जोड छ । क्याम्पहरूमा व्यक्तिगत गोपनीयताको पालना सुनिश्चित गर्न, तथा महिला, बालबालिका र वृद्धवृद्धालाई उचित सम्मान, सुरक्षा र विशेष प्राथमिकताका साथ राख्न स्पष्ट निर्देशन दिएका छन् । त्यस्तै, बाढीका कारण क्षतिग्रस्त बनेका सडक, विद्युत् तथा सञ्चार संरचना यथाशीघ्र सुचारु गर्न सम्बन्धित मन्त्रालयलाई एकीकृत कार्ययोजनासहित लाग्न निर्देशन दिइएको छ । बैठकमा विपद् व्यवस्थापन, राहत र उद्धारसँग प्रत्यक्ष जोडिएका रक्षा, गृह, अर्थ, परराष्ट्र, ऊर्जा, स्वास्थ्य तथा नागरिक उड्डयन मन्त्रालयका सचिवहरूको सहभागिता थियो ।

सचिवहरूमार्फत विपद् प्रभावितको उद्धार, राहत, स्थानान्तरण, सेल्टरका कामलाई प्रभावकारी बनाउन निर्देशन दिएको उनका प्रेसविज्ञ दीपा दाहालले बताइन् । बढीप्रभावित तथा पीडितको सहयोगका लागि राहत संकलन र वितरणमा अनियमितता रोक्न सरकारले एकद्वार प्रणालीको नीति अवलम्बन गरेको दाहालको भनाइ छ ।

राहतमा एकद्वार नीति

बढीपीडितको सहयोगार्थ सहयोगी दाताहरूबाट प्राप्त नगद तथा जिन्सी राहतमा एकद्वार प्रणाली अबलम्बन गरिएको छ । उक्त राहत तथा जिन्सी सामग्री प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोष वा तोकिएका सरकारी केन्द्रमार्फत संकलन गर्ने व्यवस्था मिलाइएको हो ।

निजी कम्पनी वा संस्थालाई आफूखुसी राहत संकलनमा रोक लगाएको छ । विदेशबाट आउने सामग्री त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको राष्ट्रिय आपत्कालीन गोदामघरमा तथा स्वदेशी सामग्री नुवाकोट र धादिङका नेपाली सेनाका ब्यारेकमा संकलन गरी आवश्यकताअनुसार सरकारले सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइएको गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले बताए । कर्मचारी प्रशासन, सुरक्षा निकाय तथा प्रदेश र स्थानीय सरकारमार्फत प्रभावितसम्म पुर्‍याइनेछ । 'विपत्तिमा राहत संकलन र वितरणलाई व्यवस्थित बनाउन सरकारले एकद्वार प्रणाली लागू गरेको छ,' गृहप्रवक्ता काफ्लेले मध्यान्हसँग भने, 'संकलित राहत सामग्री सरकारमातहतकै निकायमार्फत पीडित नागरिकलाई पुर्‍याउने व्यवस्था सरकारले गरेको छ ।' त्यस्तै विदेशबाट राहत रकम पठाउँदा प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषका तोकिएका बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाइएको उनको भनाइ छ ।

राहत संकलनमा अनियमितता नहोस् र पीडितसम्म छिटो पुर्‍याउन सकियोस् भन्ने उद्देश्यका साथ सरकारले एकद्वार प्रणाली सञ्चालनमा ल्याएको काफ्लेले दाबी गरे । नगद राहत तथा जिन्सी सहयोग गर्न चाहने परोपकारी व्यक्ति, निजी क्षेत्र, दातृनिकाय र अन्तर्राष्ट्रिय संघ संस्थालाई राहत संकलनका लागि प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा एकद्वार प्रणाली सञ्चालन गरिएको अर्थ मन्त्रालयले जनाएको छ । सोही प्रयोजनका लागि प्रधानमन्त्री कार्यालयले सम्पर्क व्यक्ति (फोकल पर्सन) तोकेको छ । राहत सामग्री संकलन गर्न सरकारले तीनवटा स्थान तोकेको छ ।

विदेशबाट हवाई माध्यममार्फत आउने राहत सामग्रीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित राष्ट्रिय आपत्कालीन गोदामघरमा जम्मा गरिनेछ । स्वदेशभित्रबाट प्राप्त हुने राहत सामग्री क्रमशः नुवाकोटको बट्टारस्थित नेपाली सेनाको ब्यारेक र धादिङको बैरेनी ब्यारेकमा संकलन गरी प्रभावित क्षेत्रमा वितरण गरिनेछ । राहत दिन चाहने व्यक्ति वा संघ-संस्थाले सरकारले तोकेका स्थानमा सामग्री पुर्‍याउनुपर्नेछ । सरकारले संकलन गरेको राहत आफ्नो वितरण संयन्त्र, कर्मचारी प्रशासन, नेपाली सेवा, प्रहरी, प्रदेश तथा स्थानीय सरकारमार्फत कोही नछुट्ने गरी वितरण संयन्त्र निर्माण भएको सरकारले जनाएको छ ।

विदेशीको खोज-उद्धारका लागि 'इआरटी' गठन

बाढीले बेपत्ता भएका विदेशी नागरिकको विवरण आउनेक्रम जारी छ । परराष्ट्र मन्त्रालयले विदेशी नागरिकको खोज तथा उद्धारका लागि आपतकालीन प्रतिकार्य टोली (इआरटी) गठन गरेको छ । इआरटीले बाढीप्रभावित, बेपत्ता वा घटनासँग सम्बन्धित विदेशी नागरिकको खोज तथा उद्धार, सूचना प्रमाणीकरण र कन्सुलर सहयोगका लागि केन्द्रीय समन्वयकारी निकायका रूपमा काम गर्ने जनाएको छ । बाढीमा परी २८ देशका ४७६ जना विदेशी नागरिक सम्पर्कविहीन भएको सरकारी तथ्यांक छ । प्राप्त विवरणमा सम्पर्कविहीन विदेशी नागरिकमध्ये सबैभन्दा धेरै भारतका १७७ जना छन् । त्यस्तै, अमेरिकाका ६३, युक्रेनका ५३, अस्ट्रेलियाका ३४, बेलायतका ३३, मलेसियाका २८ र क्यानडाका २५ जना सम्पर्कविहीन छन् । यसैगरी चीनबाहेक अन्य विभिन्न मुलुकका नागरिक पनि सम्पर्कविहीन रहेको विवरणमा उल्लेख छ । जर्मनीका ८, सिंगापुर र दक्षिण अफ्रिकाका ६-६, न्युजिल्यान्ड र रुसका ५-५, जापानका ५, फ्रान्सका ४ तथा आयरल्यान्ड, नेदरल्यान्ड्स र पोर्चुगलका २-२ जना रहेका छन् ।

इआरटीले विदेशी नागरिकसँग सम्बन्धित सूचना संकलन गर्ने, सम्बन्धित निकायसँग समन्वय गर्ने तथा बेपत्ता व्यक्तिका परिवार र सम्बन्धित कूटनीतिक नियोगलाई आवश्यक जानकारी उपलब्ध गराउने मन्त्रालयको भनाइ छ । परराष्ट्र मन्त्रालयले विदेशीहरूको प्रत्यक्ष सहायता भने नलिने निर्णय गरेको मनलय स्रोतको दाबि छ । विभिन्न देशले हेलिकोप्टरसहित उद्धारका लागि तालिमप्राप्त उद्धारकर्मी पठाउन प्रस्ताव गरेको परराष्ट्र मन्त्रालय स्रोतले जनाएको छ । तर, मन्त्रालयले भने बाढीमा परेकाहरूको खोजी तथा उद्धारमा विदेशीहरूको प्रत्यक्ष सहयोग नलिने जनाएको छ ।

नयाँ प्राकृतिक ताल निर्माणले खतरा कायमै

चीनको जलस्रोत मन्त्रालयले ल्हेन्दे खोलाको हिमपहिरोका कारण ताल बनेको प्राकृतिक ताल बनेको छ । नदीको माथिल्लो क्षेत्रमा बनेको तालमा २० लाख (२ अर्ब) घनमिटरभन्दा बढी पानी जम्मा भइसकेको र पानीको मात्र बढ्दै गएको जनाएको छ ।

चीनको राष्ट्रिय प्रसारण संस्था सिसिटिभीले सार्वजनिक गरेको पछिल्लो 'ड्रोन फुटेज'अनुसार अघिल्लो पहिरोले बनाएको भूभागमा नयाँ ताल बनिरहेको देखिएको छ । ग्याइरोङ नाकानजिकै सीमाको नेपालतर्फ बनेको यो बाँधयुक्त ताल निरन्तर फैलिरहेको देखिएको सिसिटिभीले जनाएको हो । उक्त तालमा आगामी तीन दिनभित्र थप ३० लाख घनमिटर अर्थात तीन अर्ब लिटर पानी जम्मा भएको र पाँच अर्ब लिटर पुगेपछि उक्त बाँध फुट्न सक्ने विज्ञहरूले बताएका छन् । प्राकृतिक बाँध फुट्ने जोखिम बढेसँगै नेपालको भूभागमा पुनः खतरा बढ्नेछ । बाढी पूर्वानुमान महाशाखाले भोटेकोशी-त्रिशूलीमा अझै पनि बाढीको जोखिम रहेको जनाएको छ । चीनले परराष्ट्र मन्त्रालय हुँदै पठाएको पछिल्लो सूचनाअनुसार खतराको सीमा बाँकी नै रहेकाले सुरक्षित रहन आह्वान गरिएको महाशाखाले जानएको हो ।

चिनियाँ मन्त्रालयलाई उद्धृत गर्दै ग्लोबल टाइम्सले चीनतर्फको छोचेन खोला र नेपालतर्फको पुरेपु त्यांकपो खोलाको दोभानमा यस्तो ताल बनेको ग्लोबल टाइम्सले लेखेको छ । उक्त तालका कारण तल्लो तटीय क्षेत्रमा थप जोखिमको अवस्था रहेको जनाएको छ । मन्त्रालयले उक्त दोभानमा बनेको तालको निगरानी गरिरहेको र तालबाट उत्पन्न हुनसक्ने बाढीको खतराबारे 'मोडलिङ' समेत गरेको छ ।

चीन तर्फबाट नेपालको परराष्ट्र मन्त्रालय हुँदै प्राप्त पछिल्लो सूचनाका साथै भू-उपग्रह तस्बिर तथा प्रारम्भिक विश्लेषण अनुसार भदौ १०मा बाढी सिर्जना भएको स्थानमा नदी थुनिएर ताल बनेको महाशाखाले आफ्नो फेसबुक पेजमार्फत जानकारी गराएको छ ।

अर्को सूचना नआउँदासम्म भोटेकोशी नदीको तल्लो तटीय क्षेत्रका बासिन्दा, यात्रु, उद्धार कार्यमा खटिने उद्धारकर्ता तथा सम्बन्धित सबैलाई विशेष सतर्कता अपनाउन पनि महाशाखाले भनेको छ ।

२७ तीर्थयात्री...

बा५ख १२५० नम्बरको बस बेत्रावतीमा पुगेपछि खाजा खान रोकिएको थियो । 'एक्कासि बाढी आएपछि उहाँहरू भाग्न सक्नुभएनछ' स्थानीय उपेन्द्र लम्सालले भने, 'छतबाट अन्तिमपटक परिवारलाई फोन आएको थियो रे !'

'हामी बाढीमा फस्यौं, कतै जान सक्ने ठाउँ भएन भन्दै हुनुहुन्थ्यो रे, एकैछिनमा लौन-लौन भन्ने आवाज आयो रे, त्यसपछि अहिले उहाँहरूसँग सम्पर्क हुन सकेको छैन,' उनले भने ।

'बेपत्ता परिवारका अधिकांश छोराछोरी विदेशमा छन्,' उनी भन्छन्, 'परिवार बेपत्ता भएको खबरले उनीहरू विचलित छन्, बेपत्ता हुनुभएका हामी सबै एकै परिवारका हौं, काकाकाकी, दाजुभाउजूहरू पर्नुभएको छ ।'

बस नीलकण्ठ नगरपालिका-१२ का छविलाल श्रेष्ठले चलाएका थिए । बस र चालकसहित अहिले सबैको अवस्था अज्ञात छ । तीर्थयात्रामा गएका अधिकांश व्यक्ति नीलकण्ठ नगरपालिका-९ र १२का हुन् । एकै ठाउँका यति धेरै मानिस सम्पर्कविहीन भएपछि गाउँमा सन्ता छाएको छ ।

'हामी फस्यौं, बाढीले गाडी बगायो, अहिले होटलको छतमा छौं' भन्ने खबर पाएपछि आफन्तले उनीहरू सुरक्षित रहेको विश्वास गरेका थिए । त्यसपछि उनीहरूसँग सम्पर्क हुन नसकेपछि परिवारजनको आशा बिस्तारै निराशामा बदलियो ।

उनीहरू कुन घर, होटलको को छतमा छन् ? उद्धार टोली पुगेको छ कि छैन ? यी प्रश्नको जवाफ नपाउँदा परिवारजन विक्षिप्त बनेका छन् । छिमेकी पनि उनीहरूको घरआँगनमै बसेर एक-अर्कालाई ढाडस दिइरहेका छन् ।

शिक्षक मात्रै आठजना

धादिङबाट गोसाइँकुण्ड तीर्थयात्राका लागि गएका आठजना शिक्षक बाढीपछि सम्पर्कविहीन भएका छन् । रसुवामा आएको बाढीका कारण उनीहरूसँग सम्पर्क हुन नसकेको धादिङका शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख कृष्णकुमार श्रेष्ठले जानकारी दिएका छन् ।

सम्पर्कविहीन हुनेमा हाल कार्यरत तीन शिक्षक र पाँचजना पूर्वशिक्षक रहेका छन् । हाल कार्यरत शिक्षकहरूमा नीलकण्ठ नगरपालिकास्थित पशुपति माध्यमिक विद्यालयका ठाकुरप्रसाद लम्साल, देउराली माध्यमिक विद्यालयकी जानुका खनाल र पाल्पा सामारी भञ्ज्याङ माध्यमिक विद्यालयका शिवहरि लम्साल रहेका छन् । त्यस्तै, पूर्वशिक्षकहरूमा नीलकण्ठ नगरपालिकाका तुलसी तिमिल्सेना र ईश्वरीप्रसाद तिमिल्सेना, सिद्धलेक गाउँपालिकाका हरिप्रसाद सिलवाल र घनश्याम भट्ट तथा ज्वालामुखी गाउँपालिकाका नारायणप्रसाद लम्साल रहेका छन् । उनीहरू बुधबारदेखि सम्पर्कविहीन भएको बताइएको छ ।

३२ देशका ६ सय बढी पर्यटक सम्पर्कविहीन

रसुवा-त्रिशूली करिडोरमा आएको भीषण बाढीपछि ३२ देशका ६६७ जना आन्तरिक तथा विदेशी पर्यटक सम्पर्कविहीन भएका छन् । सबैभन्दा धेरै भारतका १७८ जना, नेपालका १२७, अमेरिकाका ६५ र युक्रेनका ५३ जना रहेका छन् ।

पर्यटन बोर्ड, प्रहरी, टुर एजेन्सी र सम्बन्धित निकायले सम्पर्कविहीन पर्यटकको खोजी तथा उद्धार तीव्र बनाएका छन् । विशेषगरी टिमुरे र त्यसभन्दा माथिल्लो क्षेत्रमा रहेका पर्यटकको खोजीलाई प्राथमिकता दिइएको छ । विपद् प्राधिकरणका अनुसार नेपाल-चीन सीमामा गएको हिमचट्टान पहिरोका कारण गेग्यानसहितको बाढी ल्हेन्दे खोलामा आएको र त्यही बाढी टिमुरे हुँदै त्रिशूली नदीमा मिसिएको हो ।

त्यस्तै, भीषण बाढीका कारण प्रभावित क्षेत्रमा फसेका ५० जना विदेशी पर्यटकको सकुशल उद्धार गरिएको छ । सडक तथा सञ्चार सञ्जाल अवरुद्ध भई अलपत्र परेका उनीहरूलाई सुरक्षाकर्मीको टोलीले उद्धार गरेको हो ।

उद्धार गरिएकामा विभिन्न ६ देशका ५० जना विदेशी पर्यटक छन् । बाढीका कारण अझै पनि सयौं स्वदेशी तथा विदेशी पर्यटक सम्पर्कविहीन रहेकाले खोजतलास कार्यलाई तीव्र पारिएको सरकारले जनाएको छ ।

सद्गुरु समूहका ८० जना बेपत्ता

रसुवाको सीमावर्ती क्षेत्रमा आएको भीषण बाढीपछि सद्गुरु जग्गी वासुदेवसँग सम्बन्धित २० देशका ८० जना तीर्थयात्री सम्पर्कविहीन भएका छन् । उनीहरूमध्ये ३४ पुरुष र ४६ महिला छन्, जसमा नेपालका तीनजना पनि रहेका छन् ।

तिब्बतको सागाबाट नेपाल फर्किने क्रममा उनीहरू सीमाक्षेत्र पुगेका थिए । बिहान अध्यागमन कार्यालय पुगेको जानकारी दिएको केही मिनेटमै ठुलो बाढी आएपछि उनीहरूसँग सम्पर्क टुटेको बताइएको छ । बाढीले सडक, सञ्चार सेवा र अध्यागमन कार्यालयमा समेत क्षति पुर्‍याएको छ ।

घटनाबारे सम्बन्धित देशका दूतावासलाई जानकारी गराइएको छ भने खोज तथा उद्धारका लागि प्रयास भइरहेको छ । सम्पर्कविहीनको वास्तविक संख्या अझै यकिन हुन सकेको छैन ।

नेपालको...

७.१ अर्ब अमेरिकी डलर थियो । देशभर गरे ४ लाख ९० हजार घर पूर्ण रूपमा ध्वस्त र २ लाख ६५ हजार घर बस्न अयोग्य बनेका थिए । भूकम्पको पुनर्निर्माण चलिरहेकै बेला नेपालले २०७२ सालमै भारतसँगको नाकाबन्दीले संकट सामना गर्नुपर्‍यो ।

नाकाबन्दी प्राकृतिक विपद् होइन । तर, भूकम्पबाट थलिएको अर्थतन्त्र र जनजीवनमा इन्धन तथा अत्यावश्यक वस्तुमा भएको नाकाबन्दीले नेपाल प्रभावित हुन पुग्यो । अर्थात् त्यसबेला नेपालले भूकम्पको ठुलो प्राकृतिक विपत्तिको असरबाट बाहिरिन नपाउँदै नाकाबन्दीको संकट सामना गर्नुपर्‍यो ।

यी संकट पार गरेर अगाडि बढ्दै गर्दा २०७६ सालमा विश्वव्यापी रूपमा कोरोना महामारी आयो । यसबाट नेपाल प्रभावित नहुने कुरै भएन । स्वास्थ्य संकटका रूपमा सुरु भएको कोरोना केही समयमै आर्थिक र सामाजिक संकटमा परिणत भयो । लामो लकडाउन, व्यापार-व्यवसाय बन्द, रोजगारी गुम्ने अवस्था र पर्यटन क्षेत्रमा परेको असरले नेपाली अर्थतन्त्रलाई गम्भीर धक्का दियो । नेपाल राष्ट्र बैंकले समेत कोरोना महामारीका कारण पर्यटन, उद्योग, व्यापार, व्यवसाय तथा वित्तीय क्षेत्रमा परेको असरलाई छुट्टै अध्ययनको विषय नै बनाएको थियो ।

कोरोना महामारीपछि बिस्तारै सामान्य अवस्थामा फर्किंदै गर्दा २०७८ असारमा सिन्धुपाल्चोकको मेलम्चीमा अर्को ठुलो बाढी आयो । मेलम्ची र इन्द्रावती नदीमा आएको त्यसबेलाको बाढीले बस्ती, सडक, पुल, खेतीयोग्य जमिन र खानेपानी आयोजनामा ठुलो क्षति पुर्‍यायो । उक्त बाढीमा परेर ६ जनाको मृत्यु भएको थियो । झन्डै ५ सय घरधुरी प्रभावित भएका थिए । प्रकृति रिसोर्सेज सेन्टरले गरेको अध्ययनले मेलम्ची बाढीबाट ५० लाख अमेरिकी डलरबराबरको आर्थिक क्षति भएको देखाएको छ ।

मेलम्ची, हेलम्बु र पाँचपोखरी थाङपाल क्षेत्रका बाढी प्रभावित पुनःस्थापित हुन नपाउँदै नेपालका अन्य विभिन्न भूभागमा बाढी, पहिरो र डुबानको शृंखला दोहोरिइरह्यो ।

२०८१ असोज ११ र १२ गतेको भारी वर्षा रोशी खोलाको बाढीको अर्को विपद् ल्यायो । उक्त, बाढी, पहिरो र डुबानबाट २१ जिल्ला प्रभावित भए । सरकारी तथ्यांकअनुसार त्यसबेला २२४ जनाको मृत्यु भयो । २४ जना बेपत्ता र १५८ जना घाइते भएका थिए । क्षतिको अनुमान १७ अर्ब रुपैयाँभन्दा बढी थियो । उक्त बाढीले बिगारेको सडक, पुल, ऊर्जा, सिँचाइ तथा कृषि क्षेत्र साविकमा फर्किंदै छ ।

२०८३ सालमा फेरि नेपालले रसुवाको भोटेकोशी क्षेत्रमा आएको भीषण बाढीको सामना गरिरहेको छ । नदी किनारका बस्ती, सडक, पुल, जलविद्युत् आयोजना तथा अन्य पूर्वाधारमा ठुलो क्षति पुर्‍याएको छ । पछिल्लो विवरणअनुसार विभिन्न जिल्लामा ३५९ जनाको शव फेला परिसकेको छ । कति बेपत्ता छन् भन्ने यकिन तथ्यांक छैन ।

यसपटकको विपत्तिको समग्र आर्थिक क्षतिको अनुमान पनि भएको छैन । सरकार, राजनीतिक दल, सरोकारवाला, नागरिक समाज, निजी क्षेत्र र बाह्य मुलुकले समेत उद्धार र खोजी कार्यमा जोड दिएका छन् । सरकारी संयन्त्र खोजी र उद्धारमा क्रियाशिल छ ।

वर्षैपिच्छे विपत्ति भोग्नुपर्ने नेपालको नियत्तिको कारण के हो ? यसबारे पनि बहस हुन थालेको छ । शुक्रबार बसेको सर्वदलीय बैठकमा यो विषय उठ्यो । प्रमुख राजनीतिक दलको निष्कर्षअनुसार हिमालय क्षेत्रमा बढ्दै गएको हिमताल विस्फोट र अस्वाभाविक बाढीको शृंखला विश्वव्यापी जलवायु परिवर्तनको प्रत्यक्ष असर हो, जसमा नेपालको योगदान नगण्य छ ।

यस्तो निष्कर्षअनुसारको १० बुँदे संकल्पमा यो विषयलाई प्राथमिकताका साथ समावेश गरिएको छ । १० बुँदे संकल्पको बुँदा नम्बर ८ मा जलवायु न्याय र विश्वव्यापी उत्तरदायित्वको विषय छ ।

जसमा भनिएको छ, 'नेपालले भोगिरहेका यस्ता 'हानि र नोक्सानी'को विषयलाई अन्तर्राष्ट्रिय मञ्चहरूमा सशक्त रूपमा उठान गर्दै, जलवायु न्यायको सिद्धान्तअनुरूप अन्तर्राष्ट्रिय समुदाय र बहुपक्षीय विकास साझेदारलाई दायित्वबोध गराउन सरकारलाई आग्रह गर्दछौं ।'

माइकिङ...

'म १० सेकेन्डको फरकमा जंगलतर्फ भागेर बाँचे, असईसाबको अवस्था थाहा छैन । उहाँ सम्पर्कमा हुनुहुन्न ।'

बाढीले आँखैअगाडि धेरै मान्छे बगाएको उनी बताउँछन् । 'यहाँ करिब ७० जति घर थिए होलान् । अहिले ती घर कुनै पनि सग्ला छैनन्,' रिजालले भने । एक्कासि ठुलो बाढी आउँदा घरमा सुतेका, बसेका र खाना खाँदै गरेका मान्छे बाढीमा बगेको उनी बताउँछन् । नुवाकोटमा जल सतहले जोखिमको मापदण्ड नाघ्नेबित्तिकै पूर्वसूचना दिएर माइकिङ गरिन्छ । पहिले पनि बाढी आउँदा माइकिङ गरेर सचेत गरिन्थ्यो । तर, माइकिङपछि आउने बाढी खासै ठुलो हुन्थेन । यसपालि पनि पहिलेजस्तै होला भनेर कतिपयले माइकिङ पत्याएनन् र अलमल गर्दै बसे । रसुवाको बाढी त्रिशूली बजार आइपुगेको समय हेर्दा सुरक्षित ठाउँमा जान प्रशस्त समय थियो, तर नपत्याउँदा मानवीय क्षति भएको विदुर नगरपालिकाले जनाएको छ ।

रसुवाको टिमुरेमा कार्यरत प्रहरी सहायक निरीक्षक समबहादुर थापा पनि सम्पर्कविहीन छन् । स्याङ्जास्थित वालिङ-१४ मैनीखोला घर रहेका थापा बिहीबारसम्म उनको अत्तोपत्तो छैन । इलाका प्रहरी कार्यालय टिमुरेमा २३ जना प्रहरी कार्यरत थिए । उक्त प्रहरी कार्यालयबाट सम्पर्कविहीन भएका १३ जना भने सम्पर्कमा आएको नेपाल प्रहरीले जनाएको छ ।

जो बालबाल बाचे

रसुवाको टिमुरेस्थित भन्सार कार्यालयमा कार्यरत भन्सार अधिकृत करवीर गैरे मृत्युको मुखबाट बँचेका छन् । बुधबार बिहान उनी कार्यालयमा नै काम गरिररहेका थिए । एक्कासि उनको टेबलमा रहेको कम्प्युटर थर्किन थाल्यो । उनले भूकम्प आएको महसुस गरे र बाहिर निस्किए । उनको नजर चीनबाट सुनामी मडारिएको जस्तै दृश्यमा पर्‍यो । तर, त्यो ठुलो बाढी थियो । उनले कार्यालयका अन्य कर्मचारीलाई बाढी आएको भन्दै भाग्न अनुरोध गरे । बाढी उनका लागि नौलो थिएन । यसअघि पनि बाढी आउँथे । त्योभन्दा पहिले पूर्वसूचना आउँथ्यो । तर, यसपटक कुनै सूचना आएन । त्यो पल सम्झँदा उनी झसंग हुन्छन् । उनी मृत्युको मुखबाट बँचेका छन् । उनी भन्छन्, 'करिब १० सेकेन्ड फरकमा हामी बाँच्न सफल भयौं, बाढीले पहाडको भित्तामा ठोकिएर हामी भएको ठाउँमा आउन सकेन ।' उनी ज्यान जोगाउन छोटो समयमा सुरक्षित ठाउँको खोजीमा थिए ।

दिउँसो २ बजे नेपाली सेनाको हेलिकोप्टरले उद्धार गरेको थियो । उनको प्राथमिक स्वास्थ्य जाँचपछि सोही दिन राति साढे ९ बजे काठमाडौं आइपुगेका थिए ।

बाढीबाट भागेर प्रहरी सहायक हवल्दार तारा केसी ज्यान जोगाउन सफल भए । उनले भिडियोमार्फत भनेका थिए, 'म बाँचें, म बाँचें । म अहिलेसम्म बाँचेको छु ।' भिडियोमा उनको ज्यान जोगाउन निकै कडा परिश्रम गर्दै माथिल्लो पाखातिर दौडिएर आएको बताएका छन् । उनी डिउटीमै रहेका बेला बाढीबाट भाग्न सफल भएका थिए ।

त्यो १५...

जसै विद्यार्थी र शिक्षकहरू विद्यालयबाट बाहिर निस्केर अलि सुरक्षित ठाउँतिर पुग्यो । १५ मिनेटमै त्यो विनाशकारी बाढी आइपुग्यो । बाढीले हाम्रो विद्यालयलाई बगर बनाइदिएको छ । तर, त्यति छोटो समयमा विद्यालय छाड्ने निर्णय गरेर हामीले विद्यार्थी र शिक्षकको ज्यान जोगाएका छौं । विद्यालयबाहिरै रहेका निमाविका शिक्षक सन्तोष परियार बेपत्ता भएको खबर छ । घरमै भएका वा विद्यालयबाहिर भएका अरू केही विद्यार्थी पनि बाढीमा परेको सुनेको छु । तर, ठिक समयमा ठिक निर्णय नगरेको भए विद्यालयसँगै विद्यार्थी र शिक्षक पनि बग्ने थियौं ।

(त्रिभुवन त्रिशूली माविका प्रधानाध्यापक राजेन्द्र दवाडीसँगको कुराकानीमा आधारित ।)

मलेसिया...

कामदारहरू र उनीहरूका परिवारलाई सहयोग गर्ने महत्वपूर्ण आर्थिक क्षेत्र भएको र यसबाट अर्बौंको रेमिट्यान्स राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्‍याउने भएकाले भर्ना प्रणालीमा कुनै पनि निजी कम्पनी, समूह वा सीमित संख्यामा व्यवसायीद्वारा नियन्त्रण गर्ने कामलाई अनुमति दिन नसकिने उल्लेख गरेका छन् ।

उनीहरूले मलेसिया, नेपाल, बंगलादेश, म्यानमार र पाकिस्तान सरकार, सम्बन्धित मन्त्रालयहरू र नियामक अधिकारीहरू, कूटनीतिक नियोगहरू तथा सबै सम्बन्धित मलेसियाली अधिकारीहरूलाई एफडब्लुसिएमएस र सम्बन्धित भर्ना प्रक्रियाहरूको पहुँचलाई नियन्त्रण गर्ने कुनै पनि व्यवस्थाको कानुनी र संस्थागत आधार तुरुन्तै स्पष्ट पार्न जोडदार आग्रह गरेका छन् ।

उनीहरूले योग्यता मापदण्ड, छनोट संयन्त्र, कानुनी अधिकार, सम्झौता व्यवस्था, अधिकारको दायरा र प्रणाली सञ्चालक तथा छनोट गरिएका भर्ना एजेन्सीहरूबीचको सम्बन्ध पारदर्शी र उपयुक्त नियामक निरीक्षणको अधीनमा हुनुपर्ने उल्लेख गरेका छन् ।

एफडब्लुसिएमएसमार्फत निजी संस्था वा समूहले भर्ना प्रणाली, रोजगारदाताको पहुँच, कामदार तैनाथी, भर्नाका अवसरहरू वा समग्र वैदेशिक रोजगार व्यवसायलाई विशेष व्यवस्थामार्फत नियन्त्रण गर्ने कुनै पनि प्रयासले खुला र प्रतिस्पर्धात्मक भर्ना गर्ने व्यावसायिक वातावरणका लागि गम्भीर खतरा निम्त्याउने विज्ञप्तिमा उल्लेख छ ।

कुनै पनि निजी संस्था वा संयन्त्रलाई विदेशी कामदार भर्नाका लागि निर्णायक संयन्त्र बनाई त्यसलाई विशेष व्यावसायिक नियन्त्रणअन्तर्गतको प्रणालीमा रूपान्तरण गर्न अनुमति दिन नहुनेमा पनि उनीहरूको जोड छ ।

त्यस्तै, उनीहरूले वैध भर्ना एजेन्सीहरूलाई समान र पारदर्शी आधारमा भर्नाका अवसरहरूमा पहुँच पाउनबाट प्रतिबन्ध लगाउन सक्ने कुनै पनि व्यवस्थाको निष्पक्ष समीक्षा र आवश्यक भएमा सक्षम अधिकारीहरूद्वारा अनुसन्धानका लागि आह्वान गर्दै कानुनी रूपमा इजाजतपत्र प्राप्त म्यानपावर कम्पनीहरूलाई भर्ना प्रणालीमा निष्पक्ष, पारदर्शी, गैरभेदभावपूर्ण र समान पहुँच प्रदान गरिएको सुनिश्चित गर्न माग गरेका छन् । वैदेशिक रोजगार कुनै पनि व्यक्ति, कम्पनी वा समूहको निजी सम्पत्ति नभएको ठहर गर्दै उनीहरूले सिन्डिकेट वा अनुचित नियन्त्रणले लाखौं आप्रवासी कामदारहरूको जीविकोपार्जन, उनीहरूका परिवार, राष्ट्रिय अर्थतन्त्र र द्विपक्षीय श्रम सम्बन्धसँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको बताएका छन् ।

उनीहरूले मलेसियाको वैदेशिक रोजगार क्षेत्र, भर्ना प्रणाली वा आप्रवासी कामदारहरूलाई निजी सिन्डिकेट वा एकाधिकारको नियन्त्रणमा राख्ने कुनै पनि प्रयासका विरुद्धमा एकताबद्ध हुने र निष्पक्ष प्रतिस्पर्धा, कामदारको हित तथा वैदेशिक रोजगार क्षेत्रको अखण्डताको रक्षा गर्न सबै उपयुक्त संस्थागत, कूटनीतिक र कानुनी उपायहरू अपनाउने बताएका छन् ।

बाढीपीडितका...

नागरिकको राहत, उद्धार तथा पुनर्स्थापना कार्यमा सहयोग पुर्‍याउन प्रधानमन्त्री राहत कोषमा एकद्वार प्रणालीअनुसार सहयोग गर्न आग्रह गरेको छ ।

संघका अध्यक्ष मदनकुमार पुर्बे र महासचिव रघुनाथ पनेरु (कालिका)ले विज्ञप्तिमार्फत सक्दो सहयोगका लागि आह्वान गरेका छन् ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६७/०३/०९ मा दर्ता भएको **प्रा.लि.नं. ७३८३० को जेरिको ट्रेक्स एण्ड एक्सपिडिशन प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/११/०२ मा दर्ता भएको **प्रा.लि.नं. २५५७८१** को **मनोहरा नमुना कृषि फार्म प्रा. लि.** को मिति २०८३/०५/०५ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्वीडेटरः गोपाल खतिवडा (इजाजत नं. ६१५)
ठेगानाः का.म.न.पा.-९, काठमाण्डौ
सम्पर्कः ९८६३५४२२९०

कुवेतमा रोजगार

कम्पनी : PASTA MATRIX RESTAURANT MANAGEMENT COMPANY — शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८३/०५/११ — चलानी नं.: ६०२६०३३१ — LT. No.:347179

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cook (General)	30	0	सम्बन्धित काममा दक्ष	150	७४४८४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Service Crew	5	15		145	७२००१							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १९ गते (4 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SGMC — Gov. Lic No. 1219/074/075
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457 Email: info@shermanconsultants.com.np / hr@shermanconsultants.com.np
Contact No : 9851235143 (Ganesh Kunwar), 9851322884 (Teknath Subedi), 9860528710 (Anoj Tamang)

साउदीमा रोजगार

कम्पनीः MOHAMMED IHSAN MAHMOUD ABDEL-HAY AREF COMPANY — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०६/२४ — चलानी नं.: ६०२४५८९९ — LT. No.:332212 — पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Kitchen Worker	10	0	स. काममा दक्ष	1000	४०५८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ भदौ १९ गते (4 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NEW WORLD OVERSEAS SERVICE PVT. LTD. — श्रम इजाजत पत्र नं. ११३/०५५/०५६
चाकुपाट, ललितपुर, नेपाल, फोन : ५२६८२२४, 9801232410

कतारमा रोजगार

कम्पनी : DEBAJ INDUSTRIAL SERVICES W.L.L. — शहरः QATAR
पूर्व स्वीकृत मितिः २०८३/०५/१० — चलानी नं.: ६०२६०३६९ — LT. No.:347114

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Scaffolder	40	0	सम्बन्धित काममा दक्ष	1200	५०१६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Site Supervisor	5	0		3000	१२५४००							

एबीएम इन्टरनेसनल स्काफोल्डिङ ट्रेनिङ सेन्टर, सामाखुसी, काठमाडौंमा २०८३ भदौ २७ र २८ गते (12 & 13 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ३१०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MONEY HOME OVERSEAS PVT. LTD. — Govt. Lic. No. 863/066/067
Tokha -10, Kathmandu, Nepal, Tel.: 4984683, 4985068, 4956752
Email: moneyhomeoverseas2009@gmail.com, info@moneyhomeoverseas.com.np
Website: www.moneyhomeoverseas.com.np

Malaysia मा रोजगार — SYARIKAT PERNIAGAAN LAMZHUAN SDN. BHD.

पुर्व स्वीकृती मितिः २०८३/५/११ — चलानी नं.६०२६०३५९ — LT No.: 347173

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Warehouseman Helper	2	0	[illegible]	1700	६४,५६५।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,५९६/- कामदार आफैले	रु. १,५००/- कामदार आफैले	रु. ७,००/- कामदार आफैले	निःशुल्क

अन्तरवार्ता २०८३ भाद्र १९ गते (4 Sept., 2026) यस प्रा. लि. को कार्यालय स्वयम्भु, काठमाडौंमा हुनेछ ।

Liverpool H.R. Solution Pvt. Ltd. — Govt Lic. No.: 1415/074/075
Swoyambhu-15, Kathmandu, Tel.: 01-5382303, 5382300
Email : info@liverpoolhrsolution.com, Web: www.liverpoolhrsolution.com
Contact Person : Maya Pandey (9851412303)

कांग्रेसको महाधिवेशन रोक्न सर्वोच्चद्वारा अस्वीकार

काठमाडौं/मस– सर्वोच्च अदालतले नेपाली कांग्रेसको महाधिवेशन प्रक्रिया रोक्न माग गर्दै दायर गरिएको रिटमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ । यससँगै पार्टीको १५औं महाधिवेशन आयोजना गर्ने बाटो खुला भएको छ ।

न्यायाधीश मेघराज पोखरेल, महेश शर्मा पौडेल र नहकुल सुवेदीको पूर्ण इजलासले निवेदकहरूको मागअनुसार अन्तरिम आदेश जारी गर्न आवश्यक नदेखिएको ठहर गरेको हो । निवर्तमान सभापति शेरबहादुर देउवा र निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्कासहितको पक्षले महाधिवेशन प्रक्रिया रोक्न माग गर्दै सर्वोच्चमा रिट दायर गरेका थिए । अन्तरिम आदेश नआएसँगै पार्टीका नियमित गतिविधि अघि बढाउन कुनै अवरोध नरहने स्पष्ट भएको छ ।

नेपाली कांग्रेसको १५औं महाधिवेशन आगामी असोज १६ देखि १९ गतेसम्म काठमाडौंमा हुने तय भइसकेको छ । यसअघि गत पुसमा सम्पन्न विशेष महाधिवेशनमा देउवा पक्ष सहभागी भएको थिएन । वैशाख ४ गते सर्वोच्चकै अर्को इजलासले विशेष महाधिवेशन पक्षधरलाई आधिकारिकता दिएको थियो । सो निर्णयविरुद्ध पुनरावलोकनको माग गर्दै देउवा पक्ष अदालत पुगेको थियो । पुनरावलोकनका लागि अनुमति दिएपछि सोही निर्णय कार्यान्वयन रोक्न पूरक रिट दायर गरिएको थियो ।

तर, सर्वोच्चले वैशाख ४ को फैसलाले कुनै निर्देशनात्मक आदेश नगरी निवेदन खारेज गरेको अवस्थालाई उल्लेख गर्दै अन्तरिम आदेश जारी गर्नुपर्ने पूर्वाधार नदेखिएको निष्कर्ष निकालेको छ ।

युएईमा जनै पूर्णिमा एवं रक्षाबन्धन कार्यक्रम हुँदै

निशान पाठक/मध्यान्ह
दुबई, युएई, ११ भदौ

नेपाली हिन्दू धर्मावलम्बीहरूको महत्वपूर्ण पर्व जनै पूर्णिमा एवं रक्षाबन्धनको अवसरमा युएईमा विशेष धार्मिक तथा सांस्कृतिक कार्यक्रम आज हुँदैछ । भोले बाबा भजन समूह युएई, गुल्मी सेवा समाज युएई, युएई मौलिक भजन समूह तथा युएई परिवारको संयुक्त आयोजनामा कार्यक्रम हुन लागेको हो ।

आयोजकका अनुसार कार्यक्रममा वैदिक विधिद्वारा जनै फेर्ने व्यवस्था, दिदी-बहिनी तथा दाजुभाइबीच रक्षाबन्धन कार्यक्रम, भजन-कीर्तन तथा प्रसाद वितरणलगायतका धार्मिक गतिविधि सञ्चालन गरिनेछ । साथै साँझ बृहत् भजन-कीर्तन कार्यक्रम समेत आयोजना गरिने जनाइएको छ । कार्यक्रम शुक्रबार बिहान ७ बजेदेखि साँझ १० बजेसम्म सञ्चालन हुनेछ । कार्यक्रमको स्थान फिस्टल ट्राभल्स, बरदुबई, युएई रहेको छ ।

कार्यक्रम संयोजक कृष्ण गौतम र भजन संयोजक सञ्जीव खड्का रहेका छन् । आयोजकले युएईमा रहेका सम्पूर्ण नेपालीलाई कार्यक्रममा सहभागी भई नेपाली मौलिक संस्कृति, परम्परा र धार्मिक आस्थाको संरक्षणमा साथ दिन आग्रह गरेका छन् । कार्यक्रममा वैदिक विधि, रक्षाबन्धन, भजन-कीर्तन तथा प्रसाद वितरणलाई विशेष आकर्षणका रूपमा प्रस्तुत गरिने आयोजकले जनाएको छ ।

'तिज धमाका २०२६'को नाफा बाढीपीडितको राहतमा

काठमाडौं/मस–पर्वत समाज युएईले 'तिज धमाका २०२६' कार्यक्रमबाट प्राप्त हुने नाफाको रकम नेपालका बाढी प्रभावितको राहत, उद्धार तथा पुनर्स्थापनामा खर्च गर्ने निर्णय गरेको छ ।

नेपालका विभिन्न क्षेत्रमा आएको बाढीबाट ठुलो मानवीय तथा भौतिक क्षति भएको भन्दै समाजले दुःख व्यक्त गर्दै विपद्मा परी ज्यान गुमाएका तथा प्रभावित परिवारप्रति समवेदना व्यक्त गरेको छ ।

पर्वत समाज युएईले यही अगष्ट ३० अर्थात् भदौ १४ गते विभिन्न राष्ट्रिय कलाकारहरूको उपस्थितिमा 'तिज धमाका २०२६' कार्यक्रम सञ्चालन गर्दैछ ।यसअघि उक्त कार्यक्रमबाट प्राप्त नाफा अक्षय कोष स्थापनाका लागि प्रयोग गर्ने घोषणा गरिएको थियो । तर, नेपालमा आएको विनाशकारी बाढीबाट भएको जनधनको क्षतिलाई मध्यनजर गर्दै नाफाको रकम बाढीपीडितको राहतमा खर्च गर्ने निर्णय गरिएको समाजका महासचिव जगदिश शर्माले जानकारी दिए ।

उनका अनुसार विपद्को असहज परिस्थितिलाई ध्यानमा राख्दै यसअघि गरिएको निर्णय परिमार्जन गरी तत्काल पीडितको राहत, उद्धार र पुनर्स्थापनामा सहयोग पुग्ने गरी रकम परिचालन गर्ने निर्णय गरिएको हो ।

प्रवासमा रहेका नेपालीहरूले पनि विपद्का बेला मातृभूमिप्रतिको जिम्मेवारी र मानवीय संवेदना देखाउनुपर्नेमा जोड दिँदै समाजले आफ्नो सहयोगलाई पीडितको पक्षमा केन्द्रित गर्ने जनाएको छ । समाजले विपद्को समयमा सबैको सहयोग आवश्यक रहेको उल्लेख गर्दै 'विपद्को समयमा हाम्रो सहयोग, पीडितका लागि आशाको आधार बनोस्' भन्ने सन्देशसमेत दिएको छ ।

स्पेनको कोस्टाब्लांकामा मन्दिर–गुम्बा निर्माण गरिने

भरत प्रधान/मध्यान्ह
लिस्बन, ११ भदौ

स्पेनको कोस्टाब्लांका क्षेत्रमा नेपाली मन्दिर र गुम्बासहितको धार्मिक तथा सांस्कृतिक धरोहरको निर्माण गरिने भएको छ ।

नेपाली धर्म, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्धन गर्ने उद्देश्यले नेपाल समाज एसोसिएसन कोस्टाब्लांकाको पहलमा नेपाली मन्दिर-गुम्बासहितको धार्मिक तथा सांस्कृतिक धरोहरको निर्माण गरिने भएको हो । सामाजिक, सांस्कृतिक तथा धार्मिक आस्थाको साझा केन्द्रका रूपमा विकास गर्ने उद्देश्यले मन्दिर-गुम्बा निर्माण गर्न लागिएको समाजका महासचिव अशिम लोप्चन तामाङले बताए । उक्त परियोजनाका लागि कुल १ लाख युरोको आर्थिक प्रतिबद्धता जुटेको तामाङले बताए । यो अभियानले विदेशी भूमिमा नेपाली भाषा, कला, धर्म-संस्कृति तथा परम्पराको संरक्षण र प्रवर्धनमा टेवा पुग्ने अपेक्षा गरिएको उनले बताए ।

मन्दिर निर्माणका लागि मुकुन्द लामिछाने, सुरेन्द्र भुजेल थापा, रितेश श्रेष्ठ, बिपिन बुढाथोकी, केसर बहादुर थापा, रुद्र खत्री, सुरेश बज्राचार्य, दुर्गा भण्डारी, बद्री प्रसाद कोइराला, द्वारिका लामिछाने, हेमराज सापकोटा, नवराज दुवाडी, दिपेश श्रेष्ठ, ईश्वर गौतम, अन्जु पुन, अक्कल बोहोरा, राजन थापा, केशवराज कडेल, देवराज सापकोटा तथा बिनोद शेरचनले आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

यसैबीच नेपाल समाज एसोसिएसन कोस्टाब्लांकाका अध्यक्ष केसर बहादुर थापा र एनआरएनए क्षेत्रीय समिति कोस्टाब्लांकाका अध्यक्ष बिपिन बुढाथोकीको अध्यक्षतामा बसेको संयुक्त बैठकले मन्दिर-गुम्बा निर्माण, आर्थिक व्यवस्थापन तथा धार्मिक कार्यक्रम सञ्चालनसम्बन्धी महत्वपूर्ण निर्णय समेत गरेको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७६/०९/१७ मा दर्ता भएको श्री **मेहेनती किशान कृषि फार्म प्रा. लि. (प्रा. लि. नं. २३१७९६)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

संस्था दर्ता ऐन २०३४ बमोजिम मिति २०७७/०३/१९ मा दर्ता भएको **दर्ता नं. ७१३** को **प्रगतिशिल सिकाई विकास केन्द्र** संस्थाको मिति २०८३/०५/०५ मा सम्पन्न विशेष साधारणसभाले संस्था दर्ता ऐन, २०३४ को दफा १४ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन)मा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

लिक्विडेटरः लक्ष्मण रिजाल, इजाजतपत्र नं. ६५७, फोन नं. ९८५१०१९८६४

नाम र जन्ममिति फरक परेको सूचना

जिल्ला प्रशासन कार्यालय नवलपरासी (ब.सु.पू.) को प.सं: ०८३/८४, च.न. ३७१, मिति २०८३/०५/०१ व्यक्ति प्रमाणित सम्बन्धी पत्रअनुसार जिल्ला नवलपरासी (ब.सु.पू.), कावासोती नगरपालिका वडा नं. ०८ निवासी (भारतीय सैनिक **5345187k ts no. 126832, ppo no s/024746/2005**) **गफ बहादुर गुरुङ्ले** तपसिल बमोजिमको कागजातमा मेरो श्रीमती **आशा देवी गुरुङ्को** नाम थर र जन्म मिति फरक-फरक भए तापनि व्यक्ति एउटै भएको व्यहोरा प्रमाणित गरी पाऊँ भनी निवेदन दिनु भएकोमा जिल्ला प्रहरी कार्यालय कावासोती नवलपरासी (व.सु.पू.), को च.नं. १९४, मिति २०८३/०४/२९ को प्रहरी सर्जमिन मुचुल्का र कावासोती नगरपालिका ०८ नं. वडा कार्यालयको च.नं. २५५, मिति २०८३/०४/२६ को पत्रानुसार उक्त व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि सिफारिस भई आएकोले सोही व्यहोरा प्रमाणित गरिन्छ ।

तपसिल

१. श्रीमतीको नागरिकता प्रमाणपत्रमा उल्लेख भएको नाम थर र जन्म मिति
नाम, थरः आशा देवी गुरुङ
जन्म मितिः २०१८/१०/१२
(A.D. 1962/01/25)

२. निजको भारतीय पेन्सन पट्टामा उल्लेख भएको श्रीमतीको नाम थर र जन्म मिति
नाम, थरः आशा गुरुङ
(ASHA GURUNG)
जन्म मितिः (A.D. 1966/03/06)

३. कैफियत : एउटै व्यक्ति

नाम र जन्म मिति फरक परेको व्यक्ति

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६५/०३/१६ मा दर्ता भएको **प्रा.लि.नं. ५४२४३** को **जेरिको टुर्स एण्ड ट्राभल्स प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०५/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/१२/२२ मा दर्ता भएको **दता नं. १६६६१० को प्रोडक्स् कर्णाली प्रा. लि.** को मिति २०८३/०५/११ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ,
इजाजत पत्र नं. ४०४, ठेगाना : त्रिपुरेश्वर, काठमाडौं
फोन नं. ९८५१२१७००४

युएईमा रोजगार
कम्पनीः SUNFLOWER REAL ESTATE GENERAL CONTRACTING - L.L.C — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८३/०५/११ — चलानी नं.: ६०२६०४०३ — LT. No.:347293

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब AED	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	A CLEANER	42	0	स. काममा दक्ष	1000	४१,४८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १९ गते (4 September 2026) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्वाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २५९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	निःशुल्क

Rio Overseas Pvt.Ltd.
Tokha Road, Samakhushi, Kathmandu, Nepal. Tel No: 014985802, Mobile : 9813322574
Email:riooverseasnepall@gmail.com
श्रम इजाजत पत्र नं. १६६७/०८०/०८१

ओमन र मलेसियामा रोजगार
कम्पनीः PROJECTS AL-HAITHAM NATIONAL TRADING — शहर : OMAN
पूर्व स्वीकृत मितिः२०८३/०४/१८ — चलानी नं.: ६०२६०३६० — L.T. No.: 346002

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब OR	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Merchandise Pricing	1	0	स. काममा दक्ष	120	४७४९३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनीः SUN INNS SDN.BHD. — शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः२०८३/०४/०१ — चलानी नं.: ६०२६०३५६ — L.T. No.: 345102

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब RM	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Housekeeping Cleaner	3	0	स. काममा दक्ष	1700	६४३२८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनीः AGRO VB SDN BHD — शहर : MALAYSIA
पूर्व स्वीकृत मितिः२०८२/१२/१८ — चलानी नं.: ६०२५३७४३ — L.T. No.: 340314 — पुन विज्ञापन

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	न्यूनतम योग्यता	मासिक तलब RM	ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
